दैवज्ञश्रीरमापतिविरचिता

सिद्धान्तसारणी

(रेणुकानाम्नी सोदाहरणभाषाटीका)

सम्पादक

शङ्करमान राजवंशी

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्त्व विभाग
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुरातत्त्व प्रकाशनमाला ६५

दैवज्ञश्रीरमापतिविरचिता

सिद्धान्तसारणी

(रेणुकानाम्नी सोदाहरणभाषाटीका)

सम्पादक
शङ्करमान राजवंशी

नेपाल सरकार
संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्त्व विभाग
राष्ट्रिय अभिलेखालय
रामशाहपथ, काठमाडौं नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शीर्षक : सिद्धान्तसारणी

प्रकाशक : नेपाल सरकार
संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्त्व विभाग
राष्ट्रिय अभिलेखालय

प्रथम संस्करण : विक्रम संवत् २०३० गुरूपूर्णिमा

द्वितीय संस्करण : २०७४ आषाढ

प्रकाशित प्रति : (५०० प्रति)

मूल्य : रू. २००।–

मुद्रक : सूर्योदय छापाखाना
हाँडिगाउँ, काठमाडौं,

फोन : ०१४४३४९७१

ईमेल : suryodayapress@gmail.com

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशकीय

द्वितीय संस्करण

राष्ट्रिय अभिलेखालय देशको इतिहास, धर्म, दर्शन तथा साँस्कृतिक स्रोतको रूपमा रहेका अभिलेख तथा दुर्लभ हस्तलिखित ग्रन्थहरूको संकलन, संरक्षण व्यवस्थापन गर्ने उद्देश्यले वि.सं. २०२४ सालमा स्थापना भएको कार्यालय हो । नेपालको इतिहास र संस्कृतिको अकाट्य स्रोतको रूपमा रहेका अभिलेखात्मक सम्पदाका थुप्रै विधासँग सम्बन्धित अभिलेखहरू, सातौं-आठौं शताब्दीदेखि बीसौं शताब्दीसम्मका ज्योतिष, आयुर्वेद, योग, धर्मशास्त्र, पुराण, दर्शन, तन्त्र, कर्मकाण्ड, साहित्य, व्याकरण, इतिहास आदि विषयसँग सम्बन्धित महत्वपूर्ण हस्तलिखितग्रन्थका मूलप्रतिहरू राष्ट्रिय अभिलेखालयमा सुरक्षितरूपमा रहेका छन् । यस्ता महत्वपूर्ण ग्रन्थहरूमा अध्ययन-अनुसन्धानकर्ताहरू तथा विज्ञहरूको सहज पहुँच होस् भन्ने उद्देश्यले यहाँबाट विभिन्न विधाका ग्रन्थहरू सम्पादन तथा प्रकाशन गर्दै आइएको छ ।

ज्योतिषको सारणी समेटिएको सिद्धान्तसारणी ग्रन्थ दैवज्ञ श्रीरमापतिद्वारा लेखिएको कृति हो । श्री शंकरमान राजबंशीज्यूद्वारा सम्पादित यस कृतिको वि.सं. २०३० सालमा राष्ट्रिय अभिलेखालयबाट प्रकाशन भएको थियो । ज्योतिष विज्ञानमा रूचि राख्ने शिक्षक, विद्यार्थी तथा विद्वान्हरूको लागि उपयोगी यस सिद्धान्तसारणी पुस्तक सबै प्रति विक्री भई थप माग भएकोले पुनः प्रकाशन गरिएको हो । यो पुस्तक पुनः प्रकाशन गर्ने क्रममा पहिलेका त्रुटि तथा अशुद्धीहरूलाई निराकरण गर्ने प्रयास गरिएको छ । यसले ज्योतिष विज्ञान सम्बन्धी अध्ययन गर्ने अध्येतालाई सरल तथा सहज पहुँच हुनुको साथै भरपुर सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु । यसको पुनः प्रकाशन गर्दा भाषा सम्पादकका रूपमा रहेर सहयोग पुऱ्याउनुहुने वाल्मीकि विद्यापीठका उपप्राध्यापक श्री उपेन्द्रप्रसाद भट्टराईलाई विशेष धन्यवाद दिन चाहन्छु । यसको साथै यस कार्यमा सहयोग गर्नुहने कर्मचारी साथीहरूलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्तमा ज्योतिष विज्ञान र समयको जानकारीमूलक प्रस्तुत पुस्तकले विद्वान् तथा पाठकवर्गलाई लाभान्वित गराउने छ भन्ने आशाका साथ पुनः प्रकाशन गर्न पाएकोमा खुशी प्रकट गर्दछु ।

मिति : २०७४ आषाढ ।

सौभाग्य प्रधानाङ्ग
प्रमुख
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीः

प्रकाशकीय

जुन देशमा समयको सूक्ष्मातिसूक्ष्म महत्त्वमा राम्रो विवेचना हुन्छ त्यो देश सभ्य मानिन्छ । हाम्रो हिन्दुसंस्कृतिअन्तर्गतको ज्योतिर्वाङ्मय समयको सूक्ष्मातिसूक्ष्म विवेचना एवं तत्सम्बन्धी विभिन्न अन्यान्य विबेचनापूर्ण वाङ्मय हो । जसको कटुसत्यतामाथि विश्व चकाचौंध छ । हिन्दुहरूको त्यो अतीतको गौरवलाई पुनरूत्थानका लागि गरिएको सत्प्रयास देवगवीका खूनमा होरी खेल्ने कतिपय तुच्छ स्वार्थी मानवरूपधारी चितुवाका आतङ्कले व्यस्त भये पनि

विद्वांसो मत्सरग्रस्ताः प्रभवः स्मयदूषिताः
अबोधोपहताश्चान्ये जीर्णमङ्गे सुभाषितम्

भन्ने सुभाषित सुन्दैमा आत्मग्लानि नगरी धैर्य ली

आरभेतैव कर्माणि श्रान्तः श्रान्तः पुनः पुनः ।
कर्माण्यारभमाणं हि पुरूषं श्रीर्निषेवते ॥

भन्ने सुभाषितद्वारा हृदयलाई दहरो पारेका ज्योतिर्वेत्ताहरू ज्योतिर्वाङ्मयको अध्ययन एवं अन्वेषण गरिनै रहने छन् भन्ने कुराको दृष्टान्तका लागि प्रस्तुत हुन आये जस्तो यो पुस्तक नेपालको ज्योतिर्विज्ञानसम्बन्धी ग्रन्थरत्नहरूको हारमा यौटा रत्नको रूपमा चम्कन सक्ने छ भनी यसको प्रकाशन गर्ने व्यवस्था गरिएको हो । हाम्रा कतिपय ज्योतिषिकम्मन्य विद्वान्हरूलाई हिन्दुज्योतिर्विज्ञानअनुसार रेखादेशबाट काठमाण्डू कति योजन पूर्व वा कति योजन पश्चिममा छ र देशान्तरकाल के कति छ भनी लो.से.आ.मा अन्तर्वार्तामा प्रश्न गर्दा शास्त्रोचित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्तर पाउन सकिन । ज्योतिर्विज्ञान-सम्बन्धी सूक्ष्मातिसूक्ष्म विज्ञानका सम्बन्धमा हिन्दूराष्ट्रमा यस्तो अवस्था हुनु ज्यादै खेदको विषय हो तापनि भविष्यमा प्रभुवर्ग स्मयदूषित नबनोस्, विद्वानहरू तुच्छ स्वार्थका लागि मात्सर्यग्रस्त नरहून्, अज्ञानीहरू पनि ज्योतिर्वाङ्मयबाट प्रभावित भैरहून् भन्ने संदर्भमा प्रस्तुत यो रमापतिको सारणी निकै उपयोगी हुनेछ । यसको सम्पादन तथा उदाहरण सहित भाषाटीका गरी उक्त सारणीको मूल प्रति श्रीशङ्करमान राजवंशीजीले यस राष्ट्रिय अभिलेखालयलाई समर्पण गरिदिनु भएकोमा श्रीशङ्करमान राजवंशी जी धन्यवाद्का योग्य पात्र हुनुहुन्छ । प्रकाशित यस पुस्तकले विद्वान्हरूलाई निकै नै लाभान्वित गराउने छ भन्दै आशा व्यक्त गर्दै यो कलम यहीं रोक्छु ।

वि.सं. ०३०।४।८

विद्वानहरूको पाउको धुलो
बुद्धिसागर पराजुली
प्र.अ.अ. राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भूमिका

जुनसुकै कामका निमित्त समयको अति जरूरत हुन्छ । त्यसैका लागि ज्योतिष शास्त्रको आविर्भाव भयो । ज्योतिष शास्त्रद्वारा सूर्य चन्द्र ग्रह तारागणहरूको विश्लेषण गरी समयको वैज्ञानिक तरिकाले निर्धारण गरियो । तिनै वैज्ञानिक समयानुसार नेपालमा धार्मिक काम नियत रूपले चलेर आइरहेको छ । जुन समयविज्ञानलाई ज्योतिष भन्दछन् । समयविज्ञान अति गहन विषय छ । त्यस विज्ञानसंबन्धी ग्रन्थमा सूर्यसिद्धान्त आदि सिद्धान्तग्रन्थ तथा भास्वती आदि करणग्रन्थ विद्यमान छन् । ती ग्रन्थहरूको आधारबाट पच्चाङ्ग निर्माण हुन्थ्यो । प्राचीन आचार्यहरूले गणितको लाघवका निमित्त ती ग्रन्थको आधारबाट विभिन्न प्रकारका सारणीहरू निर्माण गरे । तिनमा दैवज्ञ श्रीरमापतिले निर्माण गर्नुभएको सिद्धान्तसारणीबाट[१] सरल तरिकाले छिट्टै पञ्चाङ्ग तयार गर्न सकिन्थ्यो । जुन सारणीमा केवल थोरै अंकको जोड्ने घटाउने सिवाय अरू काम पर्दैनथ्यो । साँचै भनौं भने गणितमा हात बसिसकेका मानिसले त हप्ता दिनमै

---

१ यस सारणीको संक्रान्तिपत्रमा '१७९३ गणितमिदम्' भनेर लेखेको छ । यसै सारणीको कारिकामा चाहिँ कुमाउका राजा उद्योतचन्द्रका पालामा दैवज्ञ श्रीरमापतिले यो सारणी बनाए भन्ने लेखेको छ । वि.सं. १७८३ ताक कुमाउका राजा देवीचन्द्रको मृत्यु भएको कुरो इतिहासबाट देखिन्छ (यी देवीचन्द्रको मृत्यु पछि उद्योतचन्द्र कुमाउको राजा भएको अनुमान हुन्छ) । वि.सं. १८४७ मा अमरसिंह थापाले कुमाउ नेपालमा मिलाएका थिए । यहाँ यस सारणीको मध्यमतिथिसारणी कोष्ठ १ मा चाहिँ शाके १७१२ देखि क्षेपक स्थापना गरेको छ । शाके १७१२ को वि.सं. १८४७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वर्षभरीको पञ्चाङ्ग गनिसक्छन् । त्यसै कारण नेपालमा प्रचलित आजकलका पञ्चाङ्गहरू यसै सारणीबाट तयार गरिन्छन् । यो सारणी केवल ज्योतिषीहरूको परम्परागत सार्दै आइरहेको छ, छापिएको चाहिँ थिएन ।

मसँग रहेको यो सिद्धान्तसारणी मेरा चतुर्थ कनिष्ठ पितामह देवमानले संग्रह गर्नुभएको हो भन्ने कुरा मेरा पिताज्यू श्रीगोपालमान मलाई भन्नुहुन्थ्यो । चतुर्थ कनिष्ठ पितामह चाहिँ परलोक भैसक्नुभएकोले मैले देख्न पाइनँ । उहाँका उत्तराधिकारी त्यस बखत आफ्ना वंशमा अरू नहुँदा उहाँका संग्रहका पुस्तकहरू हिनामिना भएछन् । कसैको आँखा नपरी विकीर्ण भएर कसिंगरको रूपमा यो सारणीको पत्रहरू एउटा वाकसमा कोचिएर रहेका रहेछन् । त्यसलाई माताज्यू श्रीजोगकुमारीले सुरक्षित गरी छोराछोरीले जान्ने भएमा पढ्लान भनी राख्नुभएको रहेछ ।

केटाकेटीमा मैले त्यो वाकसमा रहेको सारणीको पत्र देखेथेँ । त्यसलाई माताज्यूले ज्योतिष पढ्ने पुस्तक हो भनी बताउनुभएको थियो । मेरो घरसँगै चोकमा श्रीगुरू देवीदत्त पराजुलीज्यू डेरा लिई बस्न आउनुभयो । उहाँको उपदेशद्वारा प्रभावित भई पिताज्यूले मलाई संस्कृत पढाउन उहाँकै जिम्मा लगाइदिनुभयो । श्रीगुरू देवीदत्तपराजुलीज्यूले संस्कृत तथा व्याकरण पढाइसक्नु भएपछि पिताज्यूको इच्छानुसार मलाई ज्योतिषलाइनमा लगाइदिनुभयो ।

हुन्छ । सायद रमापति वि.सं. १८४७ देखि नेपाली भएकाले त्यसैलाई लक्ष्य गरी उक्त क्षेपक स्थापना गरिएको हुनुपर्छ । मध्यमनक्षत्रसारणी कोष्ठ ६ र मध्यम योगसारणी कोष्ठ ११ मा चाहिँ शाके १७२० देखि क्षेपक स्थापना गरेको छ । शाके १७२० को वि.सं. १८५५ हुन्छ । वि.सं. १८५५ मा गीर्वाणयुद्धको राज्यारोहण भएको थियो । त्यस कारण यी दुई क्षेपक गीर्वाणयुद्धको राज्यारोहणलाई लक्ष्य गरी स्थापना गरेको जस्तो बुझिन्छ । ग्रहसारणी चाहिँ जङ्गबहादुरको समयमा कसैले संशोधन गरेको बुझिन्छ ।

२. उक्त सारणीको कारिकाको अन्तिम पत्रमा 'सम्वत् १९५३ आश्विनवदि २ रोज १ शुभम् ।' भनी लेखिएको छ । त्यसकारण वि.सं. १६५३ मा सो सारणी संग्रह भएको बुझिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मैले ज्योतिष पढ्दा मेरा सहपाठे श्रीदेवीप्रसाद भण्डारीबाट पञ्चाङ्ग गन्ने तरिका सिकें । उहाँसँग रहेको सारणी देखेपछि बाकसमा कोचिएको उक्त सारणीको पत्रमा मेरो संझना भई ध्यान आकर्षित भयो र प्रत्येक पत्र केलाउँदै हेर्दा कारिका सहित पञ्चाङ्ग र ग्रहस्पष्ट गर्ने पूरा सारणी भेट्टियो । तिनै सारणी र अरू सामग्रीबाट वि.सं. २००६ को पञ्चाङ्ग गनेर प्रकाश पनि गरियो । पछि श्रीगुरू नयराजपन्तबाट उहाँकहाँ पास गर्न ल्याइएका नेपाली पञ्चाङ्गहरूको संशोधन गर्ने काम पनि पाएँ र उहाँको निर्देशनमा ६,७ वर्ष पञ्चाङ्ग विवेचक समितिमा रही पञ्चाङ्ग संशोधन गर्दा नेपालका पञ्चाङ्गका गतिविधि राम्ररी अध्ययन भयो । तिनै ताक गणना गरिएका उदाहरण दिएर भाषाटीका सहित पहिले यो सिद्धान्तसारणीको पञ्चाङ्ग भाग संपादन गरियो । त्यसपछि ग्रहस्पष्टाध्याय पनि गणना गरी संपादन गरी पूरा गरियो । उदाहरण तथा भाषाटीका भएपछि पञ्चाङ्ग गन्न इच्छा हुने सर्वसाधारणले समेत बुझ्न सक्लान् भन्ने मलाई लाग्दछ ।

ग्रहस्पष्ट गर्ने सारणी यसमा दिइए तापनि यसबाट नेपाली पात्रोमा ग्रहस्पष्ट राख्ने चलन थिएन । कारण पंचांगकारहरू ग्रहस्पष्ट चाहिँ रामविनोदसारणीबाट सरल हुनाले त्यसबाट राख्ने, राहु ग्रहलाघवबाट मिल्ने हुनाले ग्रहलाघवबाट राख्ने, ग्रहण ज्योतिर्गणितबाट मिल्ने हुनाले ज्योतिर्गणितबाट राख्ने गर्दथे । जताबाट गणित गर्न सरल हुन्छ तथा गणित सूक्ष्म हुन्छ त्यतैबाट लिने चलन छ । सो कुरो शास्त्रमा पनि बताएको छ । जस्तै

सौरोऽर्कोऽपि विधूच्चमङ्ककलिकोनाब्जो गुरूस्त्वार्यजो–
ऽसृग्राहू च कजं ज्ञकेन्द्रकमथार्ये सेषुभागः शनिः ।
शौक्रं केन्द्रमजार्यमध्यगमितीमे यान्ति दृक्तुल्यतां
सिद्धैस्तैरिह पर्वधर्मनयसत्कार्यादिकं त्वादिशेत् ॥१६॥
(ग्रहलाघवमध्यमाधिकार)

(सूर्य, चन्द्रोच्च तथा ९ कला रहित चन्द्रमा सूर्यसिद्धान्तको मतानुसार, मंगल र राहु आर्यसिद्धान्तको मतानुसार, बुधकेन्द्र ब्रह्मसिद्धान्तको मतानुसार, ५ अंशयुक्त शनि आर्यसिद्धान्तको मतानुसार, शुक्रकेन्द्र ब्रह्मसिद्धान्त र आर्यसिद्धान्तको मतको बीच दृक्तुल्यतामा आउँछ अर्थात मिलेको देखिन्छ । त्यस कारण यहाँ उक्त मतानुसार साधन गरिएका ग्रहबाट पर्व धर्म नीति आदि शुभकार्य बताउनू)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस कारण नेपाली पञ्चाङ्गलाई खिचडी पञ्चाङ्ग भन्ने भावना लिनु बुद्धिमत्ता हुँदैन । ज्योतिर्गणितबाट ग्रहण मिलेको कुरो मलाईपनि खूद अनुभव छ । सो कुरो आफ्नो गणितमा टिपोट गरिराखेको छु । ज्योतिर्गणितबाट गणना गरेको ग्रहणपत्र पञ्चाङ्गविवेचकसमितिमार्फत् प्रकाश पनि भएको थियो । सो समितिले पञ्चाङ्गमा प्रगति ल्याउने योजना पनि बनाएको थियो । तर सो कुरा बुझ्न सक्ने मानिसको कमिले गर्दा आखिर सो समिति विघटन भयो । जे होस् आफूले गरिराखेको कामको मस्यौदाहरू र प्राचीन सारणीका पत्रहरू त्यसै ढुस्याएर पठाउनु मनासीव लागेन र जो सकेको परिश्रमद्वारा सम्पादन गरी यो पुस्तक राष्ट्रिय अभिलेखालयमार्फत् प्रकाशन गरियो । यसै गरी ईश्वरबाट शक्ति पाइरहे नेपालमा प्रचलन भएका ग्रहस्पष्ट गर्ने पुस्तक तथा ग्रहण गन्ने पुस्तक पनि ती मस्यौदा सामग्रीबाट उदाहरण दिई सम्पादन गरिनेछ ।

विनीत
शङ्करमान राजवंशी
२०२८।११।८।३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिद्धान्तसारणीकारिका

पञ्चाङ्गाध्याय

श्रीगणेशाय नमः ॥

गणेशं रमेशं गिरीशं दिनेशं महेशीं गुरूंश्चापि सत्कृत्य भक्त्या
शिश्वन्तं करालं घनार्थं सुतीर्थं प्रबन्ध्नाम्यथांकाग्रपद्याभिधानम् ॥१॥

गणेश, विष्णु, शिव, सूर्य, पार्वती, र गुरूलाईसमेत भक्तिपूर्वक सत्कार गरी बालकले जान्न नसकिने गाह्रो गंभीर अर्थ भएको असल तीर्थभएको अङ्कादि पद्यलाई बनाउँछु ।

उद्योतचन्द्रेऽबनिमण्डलेश्वरे कुर्माचलं राजयति स्वशोभया ।
रमापतिर्दैवविदां मुदे स्फुटं प्रवक्ति सम्यक्तिथिपत्रसाधनम् ॥२॥

राजा उद्योतचन्द्रले आफ्नो शोभाले कुमाऊँमा रजाइँ गरिरहेको बेलामा ज्योतिषीहरूलाई आनन्द दिनानिमित्त रमापतिले स्पष्ट भएको तिथिपत्रसाधनलाई राम्ररी बताउँछन् ।

पृष्ठस्थितासन्नशकोनितेष्टशकावशेषप्रमकोष्ठकस्थम् ।
तिथ्यृक्षयोगादिसकेन्द्रकं तद्योज्यं समीपस्थशकस्य वृन्दे ॥३॥

इष्टशाकेमा पृष्ठस्थित नजिकैको शाके घटाई शेष तुल्य कोष्ठमा रहेका तिथि नक्षत्र योगका केन्द्रसहित लिएर उक्त पृष्ठस्थित नजिकैको शाकेको तिथिवारादिवृन्दमा जोड्नू ।

केन्द्रं तिथेर्नागकरा २८ धिकं स्यात्तेनैव शुद्धं घटिकासु चोर्ध्वम् ।
तदेव २८ शोध्यं तु भकेन्द्रकेऽपि भविश्ववायू २७।१३।४९ र्ध्वमनेन शोध्यम् ॥४॥
घट्यां नवेन्दु १९ प्रयुतं तु योगकेन्द्रांकनेत्राष्ट्य २९।१६ धिकं तदूनम् ।
वारादिके चन्द्रयुगाब्धि १।४४।० शोध्यं कर्तव्यमेतत्प्रतिपक्षकेऽपि ॥५॥

एवं स्फुटा तिथ्युडुयोगकंदा देशान्तरांकेन च संस्कृतास्ते ।
पादोनरेखान्तरयोजनानि पूर्वे परे स्वर्णमिदं पलेषु ॥६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यदि तिथि केन्द्रांश २८ भन्दा बढी भए त्यसमा २८ घटाउनू र तिथिबारादिको घडीमा पनि २८ घडी घटाउनू । यस्तै नक्षत्रकेन्द्रांशादि २७।१३।४९ भन्दा बढी भए त्यसमा २७।१३।४९ घटाउनू र नक्षत्रवारादिको घडीमा १९ घडी जोड्नू । यस्तै योगकेन्द्रांशादि २९।१६ भन्दा बढी भए त्यसमा २९।१६ घटाउनू र योगवारादिमा १।४४।० वारादि घटाउनू । यति गरेपछि रेखादेशको तिथि नक्षत्र योगका स्पष्ट कन्दा हुन्छन् । त्यसमा चतुर्थांश घटेको रेखान्तर योजन[1] संकार गर्नु (रेखादेशबाट आफ्नो देश पूर्व भए धन पश्चिम भए ऋण गर्नू) । आफ्नो देशको तिथि नक्षत्र योगका स्पष्ट कन्दा हुन्छन् । (यी मेषसंक्रान्तिको समीपमा आउँछन् र तिथि चैत्रादिको हुन्छ)

चन्द्राग्नि ३१ कोष्ठा प्रथमं विलेख्या ऊर्ध्वस्थिता तिर्यग्गताश्च पञ्च ।
तिर्यक्स्थकोष्ठौ प्रथम विलेख्यौ स्वल्पौ तदन्येऽप्यधिकांतराला ॥७॥
एकैक १ युक्ता तिथिरूर्ध्वकोष्ठे तथा विलेख्यास्तदधश्च वारा : ।
ततोऽप्यधस्ताद्घटिकापलानि पलेषु गुच्छस्य च संस्कृतिः स्यात् ॥८॥
केन्द्रांतिमांके किल केन्द्रचालकं एकैकवृद्धया विलिखेच्छिरोङ्कः ।
एवङ्कृते चाग्रिमपक्षमौलौ संमेलनीयाश्च तिथ्यृक्षयोगा : ॥९॥

पहिले ठाडो (लम्बाइमा) ३१ कोठा र तेर्सो (चौडाइमा) ५ कोठा खिच्नू र चौडाइपट्टिको कोठामा २ कोठा साना र अरू कोठा तीभन्दा ठूला पार्नू केन्द्रको निमित्त अलग्गै कोठा खिच्नू । लम्बाइपट्टिको कोठामा रहेको तिथिलाई एक एक बढाउँदै लैजानू र त्यसको तल बार लेख्दै जानू । त्यसको पनि तल घडी पला लेखी पलामा गुच्छसंस्कार गर्दै जानू । केन्द्रको अन्तिम अङ्कमा केन्द्र गुच्छ चालन दिनू र शिरको अंकमा एक एक बढाउँदै लैजानू । यति गरेपछि अग्रिम पक्षका तिथि नक्षत्र योगका कन्दासँग मिलाएर हेर्नू ।

यत्केन्द्रकोर्ध्वांकसमानतिर्यगाद्योङ्कसाम्योर्ध्वककोष्ठजं फलम् ।
अधः स्थिताङ्कघ्नफलान्तरेण षष्ट्या ६० हृतेनोनयुतं विधेयम् ॥१०॥
घट्यादिके योज्यमतः स्फुटाः स्युर्घट्यस्तिथीनां भयुजोश्च नित्यम् ।
तिथ्यृक्षयोगादिदिनस्य चापि वृद्धथादि सर्बं मकरन्दवत् स्यात् ॥११॥

---

१ रेखादेशबाट आफ्नो देश जति योजन अन्तर छ त्यसको चतुर्थांश त्यस योजनमा घटाउँदा जतिहुन्छ त्यति पला देशान्तर हुन्छ । यहाँ रेखादेशबाट नेपाल ९२ योजनको अन्तर मानेको छ । तब ९२ लाई ४ ले भाग गर्दा लब्धि २३ हुन्छ । ९२ मा २३ घटाउँदा ६९ पला अर्थात् १ घडी ९ पला देशान्तरकाल भयो । ज्योतिषशास्त्रमा रेखादेश भनेर उज्जैन देशलाई छोएर पृथ्वीको सुमेरू कुमेरूमा गएको रेखालाई मानेको छ । आजकालको नक्सामा चाहिं ग्रिनीचलाई छोएर गएको रेखालाई लिएको छ । तर ग्रन्थनिर्माण जताबाट मानेर गरे पनि हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केन्द्रको ऊर्ध्वांक (केन्द्रांशले) तुल्य भएको फलसारणीको लम्बाइपट्टिको शीर्षाङ्क र तिर्यक् अर्थात् केन्द्रकलांकले तुल्य भएको फलसारणीको चौडाईपट्टिको आद्यंकको संपातमा रहेको जुन फल छ त्यो र त्यसको मुनिको फलको अन्तरलाई केन्द्रविकलांकले गुनी ६० ले भाग गरी आएको लब्धि उक्त संपातस्थ फलमा संस्कार गर्नू (फल घट्दै गएको भए घटाउनू बढ्दै गएको भए जोड्नू) जति हुन्छ त्यो फल कन्दस्थित घडीपलामा जोड्नू तिथि नक्षत्र योगका स्पष्टघडीपला हुन्छन् । तिथि नक्षत्र योगका टूट बढ मकरन्द बराबर आउँछन् ।

यातेष्टतिथ्योर्घटिकैक्यखण्डं खाग्न्यल्पकं तत्सहितं पुराद्युः ।
ततोऽधिकं तद्रहितं परेद्युः क्षये यथास्थं तिथिखण्डकालः : ॥१२॥

गततिथि र दृष्टतिथिको घडीको योगको आधा ३० भन्दा कम भए त्यसमा ३० जोड्नू त्यो अघिल्लो दिनको अर्थात् गततिथिको दिनको तिथ्यर्ध हुन्छ, यदि ३० भन्दा बढी भए त्यसमा ३० घटाउनू पछिल्लो दिनको अर्थात् दृष्टतिथिको दिनको तिथ्यर्ध हुन्छ । टूट भएमा उक्त योगार्ध नै त्यस दिनको तिथ्यर्धकाल हुन्छ ।

टिप्पणी– गतितिथिको घडीलाई ६० बाट घटाएर जति हुन्छ त्यो इष्टतिथिको भुक्तकाल हुन्छ । त्यो भुक्तकालमा इष्टतिथिको घडी जोड्नू इष्टतिथिको भोग्यकाल हुन्छ । त्यस भोग्यकाललाई आधा गरी गततिथिको घडीमा जोड्नू त्यो त्यसदिनको तिथ्यर्धकाल अर्थात् करणको घडी हुन्छ । त्यो तिथ्यर्धकाल ६० भन्दा बढी भए बढी भएको जति घडी पछिल्लो दिनको हुन्छ ।

तिथ्यादिवारमपहाय यदागतं तत्पूर्वेह्नि षष्टि ६० घटिका : स्युरयं हि वृद्धिः ।
चेद्युग्ममेकदिवसे परनाडिकास्ताः पूर्वोनिताः स्युरिह पूर्वगमात्क्षयोऽयम् ॥१३॥

जब फल तिथ्यादिवार नाघेर आउँछ तब अघिल्लो दिन ६० घडी हुन्छ । त्यसलाई वृद्धि भएको भन्दछन् । यदि दुवै फल एकै दिनमा आए त्यो अर्को दोस्रो घडी पहिलो भन्दा कम हुन्छ । त्यसलाई यहाँ पहिलो दिनमै बितेको क्षय भएको भन्दछन् ।

खाग्नि ३० कोष्ठास्तारकेषु द्वयग्नय ३२ कोष्ठका युजि ।
वारद्वयस्य संस्कारः स्थाने स्थाने युजो भवेत् ॥१४॥

नक्षत्रमा ३० कोठा र योगमा ३२ कोठा हुन्छन् । योगको ठाउँ ठाउँमा दुई वारको संस्कार हुन्छ ।

गता तिथिर्नेत्र २ गुणाद्रि ७ तष्टा पूर्वे दले स्यात्करणं ववाद्यम् ।
तत्सैकमन्त्ये तिथियातएष्यनाड्यै कखण्डोन्मितनाडिकं तत् ॥१५॥

गततिथिलाई २ ले गुनी ७ ले भाग गर्नू जति शेष रहन्छ त्यो पूर्वार्धको बवादि करण हुन्छ । त्यसमा १ जोडिदियो भने परार्ध (पछिल्लो आधा) को करण हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यो करण चाहिँ गएको र आएको तिथिको घडीको योगको आधाले बराबर हुन्छ ।

कृष्णपक्षे चतुर्दश्याः परार्धात्सततं भवेत् ।
चतुष्टयं शकुन्याद्यमिति पञ्चाङ्गसाधनम् ॥१६॥

कृष्णपक्षको चतुर्दशीको परार्धदेखि शकुन्यादि चार करण सदाकाल नै हुन्छन् । यति पञ्चाङ्गसाधनका कुरा भए ।

पूर्वोक्तरीत्या शकयोर्वियोगात्स्वदेशजं वारमुखं प्रसाध्यम् ।
स्वक्षेपयुक्तं रविराशिताराप्रवेशवारादि भवेत्स्फुटं तत् ॥१७॥

पूर्वोक्तरीतिअनुसार शकान्तरबाट आफ्नो देशको वारादि साधन गर्नू, त्यसमा आफ्नो क्षेपक जोड्नू, जति हुन्छ त्यति सूर्यको राशि तथा नक्षत्रको स्पष्ट प्रवेशकाल हुन्छ ।

मेषाद्द्वादशसंक्रमैश्च सहिता मध्वाद्यमन्ताः स्मृताः
मासा ये रविसंक्रमोऽधिक इति प्रोक्तोऽधिमासाह्वयः ॥
संक्रान्तिद्वयसंयुतस्तु क्षय इत्याख्यो द्विमासात्मको ।
ह्याद्यन्त्यौ तिथिखण्डयोस्तु भवतौ मासौ क्रमात्तत्र च ॥१८॥

मेषादि १२ संक्रान्तिले सहित चैत्रादि १२ महिना हुन्छन् । जुन महिनामा सूर्य-संक्रान्ति बढी हुन्छ त्यो महिना अधिमास हुन्छ । दुई संक्रान्ति परेको महिना द्विमासात्मक क्षयमास हुन्छ । त्यहाँ क्रमैले आदि र अन्त्यका महिना हुन्छन् ।

त्रिंशद्दिना ३० न्तरे लेख्याः स्वबारे राशिसंक्रमाः ।
भसंक्रमास्तथा स्वीयबारे शक्र १४ दिनान्तरे ॥१९॥

३० दिनभित्र आफ्नो बारमा राशि संक्रान्ति लेख्नू । त्यस्तै नक्षत्रप्रवेश १४ दिनभित्र आफ्नो बारमा लेख्नू ।

स्पष्टार्कसंक्रान्तिविहीनचान्द्रस्तत्राधिमासोग्रिममासनामा ।
यत्रेन्दुमासे रविसंक्रमस्य द्वयं भवेत्तं क्षयमासमाहु ॥२०॥

स्पष्टसूर्यसंक्रान्तिबाट घटेको चान्द्रमहिना छ भने त्यहाँ अग्रिम मासको नामले अधिमास हुन्छ । जहाँ चान्द्रमहिनामा दुई संक्रान्ति पर्न गए भने त्यसलाई क्षयमास भन्दछन् ।

टिप्पणी— एक संक्रान्तिबाट अर्को संक्रान्तिभित्र दुइटा औंसी पर्न गएमा त्यहाँ अग्रिम मासको नामले अधिमास हुन्छ । एक औंसीबाट अर्को औंसीभित्र दुइटा संक्रान्ति पर्न गएमा त्यहाँ द्विमासात्मक अर्थात् दुइटाको एउटै महिना भएर क्षयमास हुन्छ । त्यहाँ आदि र अन्त्यका महिना हुन्छन्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र बीचको महिना लोप हुन्छ । वि.सं. २०२० मा आश्विनमा र चैत्रमा अधिमास परी पौष क्षय हुन गएको छ । जस्तै—

२०२० को पञ्चाङ्ग अनुसार

कन्यासंक्रान्ति घडी	२५।५६
आश्विनकृष्ण अमावास्या घडी	४८।२३
अधिक आश्विनकृष्ण अमावास्याघडी	२७।९
तुलासंक्रान्ति घडी	५१।५६
मार्गकृष्ण अमावास्या घडी	०।३४
धनु:संक्रान्ति घडी	१४।३५
मकरसंक्रान्ति घडी	३४।४
अंहस्पतिमाघकृष्ण अमावास्य घडी	४७।२६
मीनसंक्रान्ति घडी	५०।३१
चैत्रकृष्ण अमावास्या घडी	३।५७
अधिक चैत्रकृष्ण अमावास्या घडी	३१।५५
मेषसंक्रान्ति घडी	१२।४६

यहाँ आश्विन महिना र चैत्र महिनामा दुई संक्रान्तिको भित्र दुइटा औंसी परेका छन् । पौषमा चाहिँ दुइ औंसीको भित्र दुइटा संक्रान्ति परेका छन् । त्यसकारण आश्विन र चैत्र अधिमास पौष क्षयमास भए ।

१. उदाहरण : वि.सं. २०२२ शाके १८८७ को नेपालीको पञ्चाङ्ग गणना गर्दा पहिले प्रथम बाह्रै महिनाका तिथ्यादि कन्द साधन गरिन्छ ।

यहाँ इष्टशाके १८८७ को नजिकैको पृष्ठस्थित कोष्ठ १ को शाके १८७२ दिइएको छ । त्यसको क्षेपक तिथिवाराद्किन्द २५।४।४।३९ तिथिकेन्द्रकन्द ६।५२।१८ दिइएको छ । यसमा शकान्तर १५ को कोष्ठ २ बाट तिथिवारादिकन्द १६।५।१७।५८ तिथि केन्द्रकन्द २३।२८।१७ लिएर जोड्दा तिथ्यादिकन्द ११।२।२२।३७ तिथिकेन्द्रकन्द ३०।२०।३५ भयो । तिथिकेन्द्रकन्दको शीर्ष अर्थात् अंश २८ भन्दा बढी हुनाले केन्द्रांशमा र तिथ्यादिकन्दको घडीमा २८ घटाउँदा तिथ्यादिकन्द ११।१।५४।३७ तिथिकेन्द्रकन्द २।२०।३५ भयो । तिथ्यादिकन्द ११।१।५४।३७ मा नेपालको देशान्तर घट्यादि १।९ संस्कार गर्दा अर्थात् नेपाल रेखादेशबाट पूर्व हुनाले जोड्दा स्वदेशको तिथ्यादिकन्द ११।१।५५।४६ भयो । तिथिकेन्द्रकन्द साविकै २।२०।३५ नै भयो । यी प्रथम महिनाका भए । यसमा मासचालन कोष्ठ ३ बाट दोस्रो महिनाको क्षेपक तिथ्यादिकन्द १।२।३२।३४ तिथिकेन्द्रकन्द २।५७।३६ चालन दिंदा (जोड्दा) दोस्रो महिनाको तिथ्यादिकन्द १२।४।२८।२० तिथिकेन्द्रकन्द ५।१८।११ भयो । एवं रीतले प्रथम महिनाको कन्दमा बाह्रै महिनाको चालन दिनू, बाह्रै महिनाका तिथ्यादि मासिक कन्द हुन्छन् । जस्तै न्यास १ हेर्नुहोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

	तिथिकेन्द्र	तिथि	बार	घडी	पला
शाके १८७२	६।५२।१८	२५	४	४	३९
शकान्तर १५ / १८८७	२३।२८।१७	१६	५	१७	५८
	३०।२०।३५	११	२	२२	३७
	–२८			–२८*	
	२।२०।३५	११	१	५४	३७
देशान्तर			+	१	९
१८८७ को प्रथम महिनाको	२।२०।३५	११	१	५५	४६
	२।२०।३५	११	१	५५	४६
,, दोस्रो महिनाको	२।५७।३६	१	२	३२	३४
	५।१८।११	१२	४	२८	२०
	२।२०।३५	११	१	५५	४६
,, तेस्रो महिनाको	**५।५३।५९	२	५	२	३६
	८।१४।३४	१३	६	५८	२२
	२।२०।३५	११	१	५५	४६
,, चौथो महिनाको	८।४८।४४	३	०	३०	५६
	११।९।१९	१४	२	२६	४२
	२।२०।३५	११	१	५५	४६
,, पाँचौ महिनाको	११।४४।८	४	२	५९	१४
	१४।४।४३	१५	४	५५	०
	२।२०।३५	११	१	५५	४६
,, छैटौं महिनाको	१४।४१।२८	५	५	२९	७
	१७।२।३	१६	०	२४	५३
	२।२०।३५	११	१	५५	४६
,, सातौं महिनाको	१७।४१।३०	६	१	१	२७
	२०।२।५	१७	२	५७	१३

*भएको– २८ बारमा, हुनुपर्ने– २८ घडीमा

**भएको– ५।३५।५९, हुनुपर्ने– ५।५३।५९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

	तिथिकेन्द्र	तिथि	बार	घडी	पला
शाके	२।२०।३५	११	१	५५	४६
१८८७ आठौं महिनाको	२०।४४।२४	७	३	३६	४१
	२३।४।५९	१८	५	३२	२७
	२।२०।३५	११	१	५५	४६
	२३।४९।३३	८	६	१४	२३
,, नवौं महिनाको	*२६।१०।८	१९	१	१०	९
	२।२०।३५	११	१	५५	४६
	२६।५५।४७	९	१	५३	५३
	२९।१६।२२	२०	३	४९	३९
,, दशौं महिनाको	– २८			–२८	
	१।१६।२२	२०	३	२१	३९
	२।२०।३५	११	१	५५	४६
,, एघारौं महिनाको	३।१।२७	१०	४	५	३०
	४।२२।२	२१	६	१	१६
	२।२०।३५	११	१	५५	४६
,, बाह्रौं महिनाको	५।५।११	११	६	४३	३०
	७।२५।४६	२२	१	३९	१६
	२।२०।३५	११	१	५५	४६
	७।५।५३	११	१	१८	४८
१८८८ को पहिलो महिनाको	९।२६।२८	२२	३	१४	३४
शुद्धिपरीक्षा					
शाके १८७२	६।५२।१८	२५	४	४	३९
शकान्तर १६	२।३४।१०	२७	६	८	४६
देशारन्त	९।२६।२८	२२	३	१३	२५
			+	१	९
शाके १८८८ को	९।२६।२८	२२	३	१४	३४

*भएको– २६।०।८, हुनुपर्ने– २६।१०।८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अब मासिक तिथ्यादिकन्दमा दैनिक चालन दिएर दैनिक तिथ्यादिकन्द साधन गरिन्छ ।

३१ कोठाभन्दा पहिलो कोठालाई शून्य गरी अनि ३१ कोठामा कोठाका संख्या भर्नु र शून्य कोठामा प्रथम महिनाको तिथ्यादिकन्द न्यास गर्नू । प्रथम महिनाको तिथ्यादिकन्दबाट तिथिमा बारमा तिथिकेन्द्रको अंश अर्थात् शीर्षाङ्कमा एक एक बढाउँदै लैजानू । तिथिमा ३० पुगेपछि बारमा ७ पुगेपछि तिथिकेन्द्रको शीर्षाङ्कमा २८ पुगेपछि दोहोर्‍याउनू । अनि तिथिको पलामा तथा तिथिकेन्द्रको विकलामा कोष्ठ ४ मा बताएबमोजिम चालन दिनू दैनिक तिथ्यादिकन्द हुन्छन् । कोष्ठ ४ मा प्रथम महिनाको तिथ्यादिको पलामा दिइने चालन यसरी दिइएको छ, ७ कोठासम्म ३ धन, त्यसपछि चौधौं कोठासम्म २ धन, त्यसपछि उन्नाईसौ कोठासम्म १ धन, त्यसपछि पच्चीसौं कोठासम्म ०, त्यसपछि एकतीसौं कोठासम्म १ ऋण । तिथिकेन्द्रको विकलामा दिइने चालन यसरी दिइएको छ, ११ कोठासम्म ४ ऋण, त्यसपछि एकतीसौं कोठासम्म ५ ऋण ।

तब प्रथम महिनाको तिथ्यादिकन्द ११।१।५५।४६ बाट पूर्वोक्तबमोजिम चालन दिंदा दोस्रो दिनको तिथ्यादिकन्द १२।२।५५।४९ तेस्रो दिनको तिथ्यादिकन्द १३।३।५५।५२ इत्यादि भए । प्रथम महिनाको तिथिकेन्द्रकन्द २।२०।३५ बाट पूर्वोक्त बमोजिम चालन दिंदा दोस्रो दिनको तिथिकेन्द्रकन्द ३।२०।३१ तेस्रो दिनको तिथिकेन्द्रकन्द ४।२०।२७ इत्यादि भए । यसरी चालन दिंदै जाँदा एकतीसौं कोठामा पुग्दा तेस्रो महिनाको शुद्धि तिथ्यादिकन्द आउँछ । एवं रीतले दोस्रो महिनाको तिथ्यादिकन्दमा कोष्ठ ४ मा दिइएको दोस्रो महिनाको दैनिक चालन दिंदा तेस्रो महिनाको तिथ्यादिकन्दको शुद्धि आउँछ । यसरी बाह्रै महिनाको शुद्धि ल्याउनू । जस्तै न्यास २ हेर्नुहोस् ।

अब दैनिकतिथ्यादिकन्दमा फलसंस्कार गरी स्पष्ट तिथिवारादि साधन गरिन्छ ।

शून्यकोठामा न्यास गरिएका प्रथम महिनाका तिथ्यादिकन्द ११।१।५५।४६ तिथिकेन्द्रकन्द २।२०।३५ छन् । अवकेन्द्रकन्दानुसार कोष्ठ ५ को शीर्षमा दिइएको २ अंश र आदिअंकमा दिइएको २० कलाको सम्पातमा रहेको तिथिफल घट्यादि १४।४१ दिइएको छ । त्यसको तल रहेको तिथिफलघट्यादि १४।३५ दिइएको छ । ती दुईको अन्तर छ पला हुन्छ । त्यसलाई केन्द्रकन्दको विकला ३५ ले गुनी ६० ले भाग गर्दा $\frac{६\times३५}{६०}=३$ पला लब्धि भयो । शेषमा भाजकको आधा भन्दा बढी भए एक लिने, आधा भन्दा कम भए शेष जोड्ने नियमअनुसार यहाँ शेष छोडी माथिल्लो तिथिफल भन्दा तल्लो तिथिफल घट्दै आएकोले उक्त लब्धि ३ पला ऋण भयो । तब माथिल्लो तिथिफलघट्यादि १४।४१ मा ३ पला घटाउँदा स्पष्टतिथिफलघट्यादि १४।३८ भयो । यसलाई तिथिकन्दवारादि १।५५।४६ मा जोड्दा स्पष्टवारादि २।१०।२४ भयो । यसै गरी प्रत्येक तिथिको स्पष्टवारादि ल्याउनू । जस्तै न्यास २ हेर्नुहोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न्यास २

कोष्ठ (१)	कोष्ठ	तिथि	वार घडी पला (अ)	केन्द्र	तिथिफल (इ)	स्पष्टवारादि (अ+इ)
चैत्रशुक्ल	०	११	१ ५५ ४६	२ २० ३५	१४ ३८	२ १० २४
			+३	-४		
	१	१२	२ ५५ ४९	३ २० ३१	९ ४९	३ ५ ३८
			+३	-४		
	२	१३	३ ५५ ५२	४ २० २७	५ ४९	४ १ ४१
			+३	-४		
	३	१४	४ ५५ ५५	५ २० २३	२ ४४	४ ५८ ३९
			+३	-४		
	४	१५	५ ५५ ५८	६ २० १९	० ४९	५ ५६ ४४
			+३	-४		
वैशाखकृष्ण	५	१६	६ ५६ १	७ २० १५	० ०	६ ५६ १
			+३	-४		
	६	१७	७ ५६ ४	८ २० ११	० २९	७ ५६ ३३
			+३	-४		
	७	१८	१ ५६ ७	९ २० ७	२ १७	१ ५८ २४
			+२	-४		
	८	१९	२ ५६ ९	१० २० ३	५ १६	३ १ २५
			+२	-४		
	९	२०	३ ५६ ११	११ १९ ५९	९ १५	४ ५ २६
			+२	-४		
	१०	२१	४ ५६ १३	१२ १९ ५५	१४ ०	५ १० १३
			+२	-४		
	११	२२	५ ५६ १५	१३ १९ ५१	१९ ९	६ १५ २४
			+२	-५		
	१२	२३	६ ५६ १७	१४ १९ ४६	२४ १५	७ २० ३२
			+२	-५		

भएको– ३ हुनुपर्ने – २, भएको– ५६ हुनुपर्ने– ५९, भएको– ११ हुनुपर्ने– १३, भएको– ४ हुनुपर्ने– ५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न्यास २

महिना (१)	कोष्ठं	तिथि	वार घडी पला (अ)	केन्द्र	तिथिफल (इ)	स्पष्टवारादि (अ+इ)
	१३	२४	७ ५६ १९	१५ १९ ४१	२८ ५२	१ २५ ११
			+२	-५		
	१४	२५	१ ५६ २१	१६ १९ ३६	३२ ४०	२ २९ १
			+१	-५		
	१५	२६	२ ५६ २२	१७ १९ ३१	३५ २६	३ ३१ ४८
			+१	-५		
	१६	२७	३ ५६ २३	१८ १९ २६	३६ ५७	४ ३३ २०
			+१	-५		
	१७	२८	४ ५६ २४	१९ १९ २१	३७ १४	५ ३३ ३८
			+१	-५		
	१८	२९	५ ५६ २५	२० १९ १६	३६ १३	६ ३२ ३८
			+१	-५		
	१९	३०	६ ५६ २६	२१ १९ ११	३४ १	७ ३० २७
			०	-५		
वैशाखशुक्ल	२०	१	७ ५६ २६	२२ १९ ६	३० ४६	१ २७ १२
			०	-५		
	२१	२	१ ५६ २६	२३ १९ १	२६ ३५	२ २३ १
			०	-५		
	२२	३	२ ५६ २६	२४ १८ ५६	२१ ३९	३ १८ ५
			०	-५		
	२३	४	३ ५६ २६	२५ १८ ५१	१६ ८	४ १२ ३४
			०	-५		
	२४	५	४ ५६ २६	२६ १८ ४६	१० १५	५ ६ ४१
			०	-५		
	२५	६	५ ५६ २६	२७ १८ ४१	४ ९	६ ० ३५
			-२८ १	-५		

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न्यास २

महिना (१)	कोष्ठ	तिथि	वार घडी पला (अ)			केन्द्र			तिथिफल (इ)		स्पष्टवारादि (अ+इ)		
	२६	७	६	२८	२५	०	१८	३६	२६	४	६	५४	२९
					−१			−५					
	२७	८	७	२८	२४	१	१८	३१	२०	१४	७	४८	३८
					−१			−५					
	२८	९	१	२८	२३	२	१८	२६*	१४	४९	१	४३	१२
					−१			−५					
	२९	१०	२	२८	२२	३	१८	२१	९	५९	२	३८	२१
					−१			−५**					
	३०	११	३	२८	२१	४	१८	१६	५	५७	३	३४	१८
(२)					−१			−५					
शुद्धि	३१	१२	४	२८	२०	५	१८	११	२	४९	४	३१	९

अब दैनिक स्पष्टतिथ्यादिबाट करण साधन गरिन्छ–

शून्य कोठामा न्यास गरिएको चैत्रशुक्ल एकादशीको स्पष्टघट्यादि १०।२४ र एक कोठामा न्यास गरिएको चैत्रशुक्ल द्वादशीको स्पष्टघट्यादि ५।३८ को योग १६।२ हुन्छ। यसको आधा ८।१ हुन्छ। यो ३० घडी भन्दा कम हुनाले यसमा ३० घडी जोड्दा ३८।१ भयो। यो द्वादशीको पूर्वार्धकरणको घट्यादि भयो। यो घट्यादि एकादशीको घट्यादि १०।२४ उप्रान्त लाग्ने हुनाले सोमबारको वव करणको घट्यादि भयो। कारण गततिथि ११ लाई २ लेगुनी ७ ले भाग गर्दा १ शेष रहन्छ। एक भनेको वव करण हो। त्यस कारण ३८।१ पछि द्वादशीको बाँकी घडी बालव करणको हुन्छ। यसरी प्रत्येक तिथि पूर्वार्धका करण हुन्छन्। जस्तै न्यास ३ हेर्नुहोस्।

अथवा शून्य कोठामा न्यास गरिएको चैत्रशुक्ल एकादशी तिथिको स्पष्टघट्यादि १०।२४ यसलाई ६० बाट घटाउँदा ४९।३६ भयो। यो चैत्रशुक्ल द्वादशीको भुक्त भयो। यसमा चैत्रशुक्ल द्वादशीको भोग्यस्पष्ट घडी ५।३८ जोड्दा ५५।१४ भयो। यो चैत्रशुक्ल द्वादशीको भोगघट्यादि भयो। यसलाई आधा गर्दा २७।१४ भयो। यसलाई चैत्रशुक्ल एकादशीको वारादि २।१०।२४ मा जोड्दा २।३८।१ भयो। यो पूर्वोक्त बमोजिम बव करणको स्पष्टवारादि भयो। यसै गरी बालव कौलव आदि करणको स्पष्टवारादि जान्नू। जस्तै न्यास ४ हेर्नुहोस्।

---

*भएको २।१८।२७ हुनुपर्ने– २।१८।२६, **भएको– x हुनुपर्ने – ५ (छुटेको)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न्यास ३

महिना (१)	कोष्ठ	तिथि	वार घडी पला	२ तिथिको घट्यादि योग	योगार्थ	करण	स्पष्टवारादि
	०	११	२ १० २४	१६।२	८।१	बव	२ ३८ १
	१	१२	३ ५ ३८	७।१९	३।३९	कौलव	३ ३३ ३९
	२	१३	४ १ ४१	६०।२०	३०।१०	गर	४ ३० १०
	३	१४	४ ५८ ३९	११५।२३	५७।४१	भद्रा	५ २७ ४१
	४	१५	५ ५६ ४४	११२।४५	५६।२२	बालव	६ २६ २२
	५	१६	६ ५६ १	इत्यादि	इत्यादि		इत्यादि

न्यास ४

महिना (१)	कोष्ठ	तिथि	वार घडी पला (अ)	भुक्त	भोग	तिथ्यर्ध (इ)	करण	स्पष्टवारादि
	०	११	२ १० २४	४९।३६	५५।१४	२७।७	बव	२ ३८ १
	१	१२	३ ५ ३८	५४।२२	५६।३	२८।१	कौलव	३ ३३ ३९
	२	१३	४ १ ४१	५८।१९	५६।५८	२८।२९	गर	४ ३० १०
	३	१४	४ ५८ ३९	१।२१	५८।५	२९।२	भद्रा	५ २७ ४१
	४	१५	५ ५६ ४४	३।१६	५९।१७	२९।३८	बालव	६ २६ २२
	५	१६	६ ५६ १	इत्यादि	इत्यादि	इत्यादि		इत्यादि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अब बाह्रै महिनाका नक्षत्रादिकन्द साधन गरिन्छ–

यहाँ इष्टशाके १८८७ को नजिकैको पृष्ठस्थित कोष्ठ ६ मा शाके १८६४ दिइएको छ । त्यसको नक्षत्रादिकन्द २५।२,१७।४२ नक्षत्रकेन्द्रकन्द २२।२१।४७ दिइएको छ । यसमा शकान्तर २३ को कोष्ठ ७ बाट नक्षत्रादिकन्द १३।०।३७।४६ नक्षत्रकेन्द्रकन्द २४।१।३० लिएर जोड्दा नक्षत्रादिकन्द ११ २।५५।२८ नक्षत्रकेन्द्रकन्द ४६।२३।१७ भयो । केन्द्रको अंशादि २७।१३।४९ भन्दा बढी हुनलो उक्त केन्द्रकन्दबाट घटाउँदा इष्टशाकेको नक्षत्रकेन्द्रकन्द ११।३।१४।२८ भयो । यसमा नेपालको देशान्तर घट्यादि १।९ जोडदा स्वदेशको नक्षत्रादिकन्द ११।३।१५।३७ र नक्षत्रकेन्द्रकन्द साविक २९।९।२८ भए । यी प्रथम महिनाका नक्षत्रादिकन्द र नक्षत्रकेन्द्रकन्द भए । यसमा मासचालन कोष्ठ ८ बाट दोस्रो महिनाको नक्षत्रादिकन्द १४।५।३६।१२ नक्षत्रकेन्द्रकन्द २१।५५।३९ भए । एवं रीतले प्रथम महिनाको कन्दमा बाह्रै महिनाको चालन दिनू बाह्रै महिनाका नक्षत्रादि मासिककन्द हुन्छन् । जस्तै न्यास ५ हेर्नुहोस् ।

न्यास ५

	नक्षत्रकेन्द्र	नक्षत्र	बार	घडी	पला
शाके					
१८६४	२२।२१।४७	२५	२	१७	४२
शकान्तर २३	२४।१।३०	१३	०	३७	४६
१८८७	४६।२३।१७	११	२	५५	२८
	—२७।१३।४९			+१९	
	१९।९।२८	११	३	१४	२८
देशान्तर				+१	९
१८८७ को प्रथम महिनाको	१९।९।२८	११	३	१५	३७
	१९।९।२८	११	३	१५	३७
	२।४६।११	३	२	२०	३५
,, दोस्रो महिनाको	२१।५५।३९	१४	५	३६	१२
	१९।९।२८	११	३	१५	३७
	५।३२।२३	६	४	४०	५१
,, तेस्रो महिनाको	२४।४१।५१	१७	०	५६	२८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न्यास ५

शाके	नक्षत्रकेन्द्र	नक्षत्र	बार	घडी	पला
१८८७	१९।९।२८	११	३	१५	३७
	८।१८।३४	९	०	०	३०
	२७।२८।२	२०	३	१६	७
	− २७।१३।४९			+१९	
,, चौथो महिनाको	०।१४।१३	२०	३	३५	७
	१९।९।२८	११	३	१५	३७
	११।४।४६	१२	२	१९	२८
	३०।१४।१४	२३	५	३५	५
	२७।१३।४९			+१९	
,, पाँचौं महिनाको	३।०।२५	२३	५	५४	५
	१९।९।२८	११	३	१५	३७
	१३।५०।५७	१५	४	३८	३
	३३।०।२५	२६	०	५३	४०
	-२७।१३।४९			+१९	
,, छैटौं महिनाको	५।४६।३६	२६	१	१२	४०
	*१९।९।२८	११	३	१५	३७
	१६।३७।८	१८	६	५६	२७
	३५।४६।३६	२	३	१२	४
	-२७।१३।४९			+१९	
,, सातौं महिनाको	८।३२।४७	२	३	३१	४
	१९।९।२८	११	३	१५	३७
	१९।२३।२०	२१	२	१४	५०
	३८।३२।४८	५	५	३०	२७
	-२७।१३।४९			+१९	
,, आठौं महिनाको	११।१८।५९	५	५	४९	२७
	१९।९।२८	११	३	१५	३७
	२२।९।३१	२४	४	३३	३२
	४१।१८।५९	८	०	४९	९
,, नवौं महिनाको	-२७।१३।४९			+१९	
	१४।५।१०	८	१	८	९

*भएको १९।५।२८, हुनुपर्ने १९।९।२८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न्यास ५

शाके	नक्षत्रकेन्द्र	नक्षत्र	बार	घडी	घडी
	११।९।२८	११	३	१५	३७
१८८७	२४।५५।४२	०	६	५२	५७
	४४।५।१०	*११	३	८	३४
	२७।१३।४९			+१९	
,, दशौं महिनाको	१६।५१।२१	११	३	२७	३४
	११।९।२८	११	३	१५	३७
	०।२८।५	३	२	३२	६
,, एघारौं महिनाको	११।३७।३३	१४	५	४७	४३
	११।९।२८	११	३	१५	३७
	३।१४।१६	६	४	५२	३७
,, बाह्रौं महिनाको	२२।२३।४४	१७	१	८	१४
	११।९।२८	११	३	१५	३७
	७।०।२८	१०	१	१३	१०
१८८८ को पहिलो महिनाको	२६।९।५६	२१	४	२८	४७
शुद्धिपरीक्षा	२२।२१।४७	२५	२	१७	४२
शाके १८६४ शकान्तर २४	३।४८।८	२३	२	९	५६
इष्टशक १८८८	२६।९।५५	२१	४	२७	३८
देशान्तर				+१	९
	२६।९।५५	२१	४	२८	४७

अब मासिककन्दहरूमा दैनिक चालन दिएर दैनिक नक्षत्रादिकन्द साधन गरिन्छ—

३० कोठाभन्दा पहिलो कोठालाई शून्य गरी अनि ३० कोठामा कोठाका संख्या भर्नू र शून्य कोठामा प्रथम महिनाको नक्षत्रादिकन्द न्यास गर्नू । प्रथम महिनाको नक्षत्रादिकन्दबाट नक्षत्रमा, बारमा, नक्षत्रकेन्द्रको अंशमा एक एक बढाउँदै लैजानू । नक्षत्रमा २७ पुगेपछि, बारमा ७ पुगेपछि नक्षत्रकेन्द्रको अंशादि २७।१३।४९ पुगेपछि दोहोऱ्याउनू । अनि नक्षत्रको पलामा तथा नक्षत्रकेन्द्रको विकलामा कोष्ठ ९ मा बताए बमोजिम चालन दिनू दैनिक नक्षत्रादिकन्द हुन्छन् । कोष्ठ ९ मा प्रथम महिनाको नक्षत्रादिको पलामा दिइने चालन यसरी दिइएको छ, ५ कोठासम्म ४ धन, त्यसपछि तीसौं कोठासम्म ३ धन । केन्द्रमा अरू चालन दिनुपर्दै । तब प्रथम महिनाको नक्षत्रादिकन्द ११।३।१५।३७ बाट पूर्वोक्त बमोजिम चालन दिंदा दोस्रो दिनको नक्षत्रादिकन्द १२।४।१५।४१ तेस्रो दिनको नक्षत्रादिकन्द

*भएको ११।३।८।३५, हुनुपर्ने ११।३।८।३४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१३।५।१५।४५ इत्यादि । प्रथम महिनाको नक्षत्रकेन्द्रकन्द १९।९।२८ बाट बढाउँदा दोस्रो दिनको नक्षत्रकेन्द्रकन्द २०।९।२८ तेस्रो दिनको नक्षत्रकेन्द्रकन्द २१।९।२८ इत्यादि । यसरी चालन दिँदै जाँदा तीसौं कोठामा पुग्दा दोस्रो महिनाको शुद्धि नक्षत्रादिकन्द आउँछ । एवं रीतले दोस्रो महिनाको नक्षत्रादिकन्दमा कोष्ठ ९ मा दिइएको दोस्रो महिनाको दैनिक चालन दिँदा तेस्रो महिनाको नक्षत्रादिकन्दको शुद्धि आउँछ । यसरी बाह्रै महिनाको शुद्धि ल्याउनू जस्तै न्यास ६ हेर्नू ।

अब दैनिक नक्षत्रादिकन्दमा फलसंस्कार गरी स्पष्ट नक्षत्रादि साधन गरिन्छ–

शून्य कोठामा न्यास गरिएको प्रथम महिनाको नक्षत्रादिकन्द ११।३।१५।३७ नक्षत्रकेन्द्रकन्द १९।९।२८ छन् । केन्द्रकन्दअनुसार कोष्ठ १० को शीर्षमा दिइएको १९ अंश र आदि अंकमा दिइएको ९ कलाको सम्पात कोठामा रहेको नक्षत्रफल घट्यादि ३।३ दिइएको छ । त्यसको तल रहेको कोठामा नक्षत्रफल घट्य दि ३ ० दिइएको छ । ती दुईको अन्तर ३ पला हुन्छ । त्यसलाई केन्द्रकन्दको विकला २८ ले गुनी ६० ले भाग गर्दा $\frac{३\times२८}{६०}=१$ पला लब्धि भयो । शेषमा भाजकको आधा भन्दा बढी भए एक लिने, आधा भन्दा कम भए शेष छोड्ने नियमअनुसार यहाँ शेष छोडी माथिल्लो नक्षत्रफलभन्दा तल्लो नक्षत्रफल घट्दै आएकोले उक्त लब्धि १ पला ऋण भयो । तब माथिल्लो नक्षत्रफल घ्टयादि ३।३ मा १ मला घटाउँदा स्पष्ट नक्षत्रफल घट्यादि ३।२ भयो । यसलाई नक्षत्रकन्दवारादि ३।१५।३७ मा जोड्दा स्पष्टवारादि ३।१८।३९ भयो । यसै गरी प्रत्येक नक्षत्रको स्पष्टवारादि ल्याउनू । जस्तै न्यास ६ हुर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न्यास ६

महिना (१)	कोष्ठ	नक्षत्र	वार घडी पला (अ)	नक्षत्रकेन्द्र	नक्षत्रफल (इ)	स्पष्टवारादि (अ+इ)
चैत्रशुक्ल	०	११	३ १५ ३७ +४	११।१।२८	३।२	३ १८ ३९
	१	१२	४ १५ ४१ +४	२०।१।२८	१।३	४ १६ ४४
	२	१३	५ १५ ४५ +४	२१।१।२८	०।३	५ १५ ४८
वैशाखकृष्ण	३	१४	६ १५ ४९ +४	२२।१।२८	०।११	६ १६ ०
	४	१५	७ १५ ५३ +४	२३।१।२८	१।३०	७ १७ २३
	५	१६	१ १५ ५७ +३	२४।१।२८	४।५	१ २० २
	६	१७	२ १६ ० +३	२५।१।२८	७।५१	२ २३ ५१
	७	१८	३ १६ ३ +३	२६।१।२८	१२।४६	३ २८ ४९
	८	१९	४ १६ ६ १९ +३	२७।१।२८	१८।३४	४ ३४ ४०
	९	२०	५ ३५ ९ +३	०।५५।३९	५।५४	५ ४१ ३
	१०	२१	६ ३५ १२ +३	१।५५।३९	१२।२६	६ ४७ ३८
	११	२२	७ ३५ १५ +३	२।५५।३९	१८।४३	७ ५३ ५८
	१२	२३	१ ३५ १८	३।५५।३९	२४।२०	१ ५९ ३८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न्यास ६

महिना (१)	कोष्ठ	नक्षत्र	वार घडी पला (अ)	नक्षत्रकेन्द्र	नक्षत्रफल (इ)	स्पष्टवारादि (अ+इ)
	१३	२४	२ ३५ २१ +३	४।५५।३९	२९।४	३ ४ २५
	१४	२५	३ ३५ २४ +३	५।५५।३९	३२।४२	४ ८ ६
	१५	२६	४ ३५ २७ +३	६।५५।३९	३५।२	५ १० २९
	१६	२७	५ ३५ ३० +३	७।५५।३९	३६।११	६ ११ ४१
	१७	१	६ ३५ ३३ +३	८।५५।३९	३६।५	७ ११ ३८
वैशाखशुक्ल	१८	२	*७ ३५ ३६ +३	९।५५।३९	३४।५५	१ १० ३१
	१९	३	१ ३५ ३९ +३	१०।५५।३९	३२।४८	२ ८ २७
	२०	४	२ ३५ ४२ +३	११।५५।३९	२९।५३	३ ५ ३५
	२१	५	३ ३५ ४५ +३	१२।५५।३९	२६।२१	४ २ ६
	२२	६	४ ३५ ४८ +३	१३।५५।३९	२२।२५	४ ५८ १३
	२३	७	५ ३५ ५१ +३	१४।५५।३९	१८।१५	५ ५४ ६
	२४	८	६ ३५ ४५ +३	१५।५५।३९	१४।४	६ ४९ ५८
	२५	९	७ ३५ ५७ +३	१६।५५।३९	१०।८	७ ४६ ५

*भएको – ७।३७।३६ हुनुपर्ने– ७।३५।३६ (कोष्ठ १८)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न्यास ६

महिना	कोष्ठ	नक्षत्र	वार घडी पला	नक्षत्रकेन्द्र	नक्षत्रफल	स्पष्टवारादि
(१)			(अ)		(इ)	(अ+इ)
चैत्रशुक्ल	२६	१०	१ ३६ ० +३	१७।५५।३९	६।३४	१ ४२ ३४
	२७	११	२ ३६ ३ +३	१८।५५।३९	३।३७	२ ३९ ४०
	२८	१२	३ ३६ ६ +३	१९।५५।३९	१।२५	३ ३७ ३१
	२९	१३	४ ३६ ९ +३	२०।५५।३९	०।११	४ ३६ २०
	३०	१४	५ ३६ १२	२१।५५।३९	०।३	*५ ३६ १५

अब बाह्रै महिनाको योगादिकन्द साधन गरिन्छ ।

यहाँ इष्ट शाके १८८७ को नजिकैको पृष्ठस्थित कोष्ठ ११ मा शाके १८६४ दिइएको छ । त्यसको योगादिकन्द २५।२।१३।२५ योगकेन्द्रकन्द १५।४१।४६ दिइएको छ । यसमा शकान्तर २३ को कोष्ठ १२ बाट योगादिकन्द १३।२।२६।२९ योगकेन्द्रकन्द २५।४९।२९ लिएर जोड्दा योगादिकन्द ११।४।३९।५४ योगकेन्द्रकन्द ४१।३१।१८ भयो । केन्द्रको अंशादि २९।१६ भन्दा बढी हुनाले उक्त केन्द्रकन्दबाट घटाउँदा इष्टशाकेको योगकेन्द्रकन्द १२।१५।१८ भयो । तब योगादिकन्दको वारादिमा पनि वारादि १।४४ घटाउँदा योगादिकन्द ११।२।५५।५४ भयो । यसमा नेपालको देशान्तर घट्यादि १९ जोड्दा स्वदेशको योगादिकन्द ११।२।५७।३ र योगकेन्द्रकन्द साविक १२।१५।१८ भए । यो प्रथम महिनाका योगादिकन्द र योगकेन्द्रकन्द भए । यसमा मासचालन कोष्ठ १३ बाट दोस्रो महिनाको क्षेपक योगादिकन्द ५।२।२०।३३ र योगकेन्द्रकन्द २।४६।६ चालन दिंदा दोस्रो महिनाको योगादिकन्द १६।५।१७।३६ योगकेन्द्रकन्द १५।१।२४ भए । एवं रीतले प्रथम महिनाको कन्दमा बाह्रै महिनाको चालन दिंदा बाह्रै महिनाका योगादि मासिककन्द हुन्छन् । जस्तै न्यास ७ हेर्नुहोस् ।

---

*भएको– ५।४६।१५ हुनुपर्ने ५।३६।१५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न्यास ७

	योगकेन्द्रकन्द	योग	बार	घडी	पला
शाके १८६४	१५।४१।४९	२५	२	१३	२५
*शकान्तर २३	२५।४९।२९	१३	२	२६	२९
१८८७	४१।३१।१८	११	४	३९	५४
	–२९।१६		–१	४४	
देशान्तर	१२।१५।१८	११	२	५५	५४
				+१	९
१८८७ को प्रथम महिनाको	१२।१५।१८	११	२	५७	३
	१२।१५।१८	११	२	५७	३
दोस्रो महिनाको	२।४६।६	५	२	२०	३३
	१५।१।२४	१६	५	१७	३६**
	१२।१५।१८	११	२	५७	३
तेस्रो महिनाको	५।३४।११	१०	४	४२	४७
	१७।४९।२९	२१	०	३९	५०
	१२।१५।१८	११	२	५७	३
चौथो महिनाको	८।२३।१६	१५	०	५	२५
	२०।३८।३४	२६	३	२	२८
	१२।१५।१८	११	२	५७	३
पाँचौ महिनाको	१२।११।५७	२१	३	२७	२
	२४।२७।१५	५	६	२४	५
	१२।१५।१८	११	२	५७	३
छैटौं महिनाको	१५।५८।४७	०	६	४६	२२
	२८।१४।५	११	२	४३	२५
	१२।१५।१८	११	२	५७	३
	१८।४३।१६	५	२	२	५९
	३०।५८।३४	१६	५	०	२
सातौं महिनाको	–२९।१६		–१	४४	
	१।४२।३४	१६	३	१६	२

*भएको– ३२ हुपर्ने– २३ (शकान्तर)

**भएको– १६।५।१७।३३ हुनुपर्ने– १६।५।१७।३६ (दोस्रो महिनाको योगफल)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न्यास ७

	योगकेन्द्रकन्द	योग	बार	घडी	पला
	१२।१५।१८	११	२	५७	३
	२१।२४।५९	१०	४	१७	७
	३३।४०।१७	२१	०	१४	१०
	−२९।१६		−१	४४	
आठौं महिनाको	४।२४।१७	२१	५	३०	१०
	१२।१५।१८	११	२	५७	३
	२५।४।३९	१६	०	२९	२५
	३७।१९।५७	०	३	२६	२८
नवौं महिनाको	−२९।१६		−१	४४	
	९।३।५७	०	१	४२	२८
	१२।१५।१८	११	२	५७	३
दशौं महिनाको	२७।४३।३२	२१	२	४१	३४
	३९।५८।५०	५	५	३८	३७
	−२९।१६		−१	४४	
	१०।४२।५०	५	३	५४	३७
एघारौं महिनाको					
	१२।१५।१८	११	२	५७	३
	२।६।४२	०	४	१०	५६
	१४।२२।०	११	०	७	५९
बाह्रौं महिनाको					
	१२।१५।१८	११	२	५७	३
	४।४८।६	५	६	२६	३१
	१७।३।२४	१६	२	२३	३४
१८८८ को प्रथम महिनाको	१२।१५।१८	११	२	५७	३
	७।३१।४३	१०	१	४४	३८
शुद्धि परीक्षा	१९।४७।१	२१	४	४१	४१
शाके १८६४					
	१५।४१।४९	२५	२	१३	२५
	४।५।१२	२३	२	२७	७
देशान्तर	१९।४७।१	२१	४	४०	३२
			+१	९	
	१९।४७।१	२१	४	४१	४१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अब मासिककन्दहरूमा दैनिक चालन दिएर दैनिक योगादिकन्द साधन गरिन्छ ।

३२ कोठा भन्दा पहिलो कोठालाई शून्य गरी अनि ३२ कोठामा कोठाका संख्या भर्नू र शून्य कोठामा प्रथम महिनाको योगागिकन्द न्यास गर्नू । प्रथम महिनाको योगादिकन्दबाट योगमा, बारमा, योगकेन्द्रको अंशमा एक एक बढाउँदै लैजानू । योगमा २७ पुगेपछि, बारमा ७ पुगेपछि, योगकेन्द्रको अंशादिमा २९।१६ पुगेपछि दोहोऱ्याउनु । अनि योगको पलामा तथा योगकेन्द्रको विकलामा कोष्ठ १४ मा बताएबमोजिम चालन दिनू दैनिक योगादिकन्द हुन्छन् । कोष्ठ १४ मा प्रथम महिनाको योगादिको पलामा दिइने चालन यसरी दिइएको छ । जस्तै ७ कोठासम्म ७ धन, त्यसपछि सोह्रौं कोठासम्म ८ धन, त्यसपछि चौबीसौं कोठासम्म ९ धन, त्यसपछि बत्तीसौं कोठासम्म १० धन । प्रथम महिनाको योगकेन्द्रको विकलामा दिइने चालन यसरी दिइएको छ । जस्तै २ कोठासम्म ३ धन, त्यसपछि बत्तीसौं कोठासम्म ४ धन ।

तब प्रथम महिनाको योगादिकन्द ११।२।५७।३ बाट पूर्वोक्त बमोजिम चालन दिंदा दोस्रो दिनको योगादिकन्द १२।३।५७।१० तेस्रो दिनको योगादिकन्द १३।४।५७।१७ इत्यादि । प्रथम महिनाको योगकेन्द्रकन्द १२।१५।१८ बाट चालन दिंदा दोस्रो दिनको योगकेन्द्रकन्द १३।१५।२१ तेस्रो दिनको १४।१५।२४ इत्यादि । यसरी चालन दिंदै जाँदा बत्तीसौं कोठामा पुग्दा दोस्रो महिनाको शुद्धि योगादिकन्द आउँछ । एवं रीतले दोस्रो महिनाको योगादिकन्दमा कोष्ठ १४ मा दिइएको दोस्रो महिनाको दैनिक चालन दिंदा तेस्रो महिनाको योगादिकन्दको शुद्धि आउँछ । यसरी बाह्रै महिनाको शुद्धि आउँछ । जस्तै न्यास ८ हेर्नुहोस् ।

अब दैनिक योगादिकन्दमा फलसंस्कार गरी स्पष्टयोगादि साधन गरिन्छ ।

शून्य कोठामा न्यास गरिएको प्रथम महिनाको योगादिकन्द ११।२।५७।३ योगकेन्द्रकन्द १२।१५।१८ छन् । केन्द्रकन्द अनुसार कोष्ठ १५ को शीर्षमा दिइएको १२ अंश र आदि अंकमा दिइएको १५ कलाको सम्पातमा रहेको योगफल घट्यादि २२।१९ दिइएको छ । त्यसको तल रहेको योगफल घट्यादि २२।१३ दिइएको छ । ती दुईको अन्तर ६ पला हुन्छ । त्यसलाई केन्द्रकन्दको विकला १८ ले गुनी ६० ले भाग गर्दा $\frac{६\times१८}{६०}$ = १ पला लब्धि भयो । शेषमा आधा भन्दा बढी भए एक लिने, आधा भन्दा कम भए शेष

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छोड्ने नियमअनुसार यहाँ शेष भाजकको आधा भन्दा बढी हुनाले एक लिँदा लब्धि २ हुने भयो । माथिल्लो फलभन्दा तल्लो फल घट्दै आएकोले उक्त लब्धि २ पला ऋण भयो । तब माथिल्लो योग फल घट्यादि २२।१९ मा २ पला घटाउँदा स्पष्ट योगफल घट्यादि २२।१७ भयो । यसलाई योगकन्दवारादि २।५७।३ मा जोड्दा स्पष्टवारादि ३।१९।२० भयो । यसै गरी प्रत्येक योगको स्पष्टवारादि ल्याउनु । जस्तै न्यास ८ हेर्नुहोस् ।

न्यास ८

महिना (१)	कोष्ठ	योग	वार घडी पला (अ)	केन्द्र	योगफल (इ)	स्पष्टवारादि (अ+इ)
	०	११	२ ५७ ३ +७	१२।१५।१८ +३	०।२२।१७	३ १९ २०
	१	१२	३ ५७ १० +७	१३।१५।२१ +३	०।१६।२२	४ १३ ३२
चैशशुक्ल	२	१३	४ ५७ १७ +७	१४।१५।२४ +४	०।११।१७	५ ८ ३४
वैशाखकृष्ण	३	१४	५ ५७ २४ +७	१५।१५।२८ +४	०।७।४	६ ४ २८
	४	१५	६ ५७ ३१ +७	१६।१५३२ +४	०।३।५०	७ १ २१
	५	१६	७ ५७ ३८ +७	१७।१५।३६ +४	०।१।३४	७ ५९ १२
	६	१७	१ ५७ ४५ +७	१८।१५।४० +४	०।०।२०	१ ५८ ५
	७	१८	२ ५७ ५२ +८	१९।१५।४४ +४	०।०।०	२ ५७ ५२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न्यास ८

महिना (१)	कोष्ठ	योग	वार घडी पला (अ)	केन्द्र	योगफल (इ)	स्पष्टवारादि (अ+इ)
	८	१९	३ ५८ ० +८	२०।१५।४८ +४	०।०।२९	३ ५८ २९
	९	२०	४ ५८ ८ +८	२१।१५।५२ +४	०।१।३१	४ ५९ ३९
	१०	२१	५ ५८ १६ +८	२२।१५।५६ +४	०।२।५५	६ १ ११
	११	२२	६ ५८ २४ +८	२३।१६।० +४	०।४।२४	७ २ ४८
	१२	२३	७ ५८ ३२ +८	२४।१६।४ +४	०।५।३२	१ ४ ४
	१३	२४	१ ५८ ४० +८	२५।१६।८ +४	०।६।१०	२ ४ ५०
	१४	२५	२ ५८ ४८ +८	२६।१६।१२ +४	०।६।१	३ ४ ४९
	१५	२६	३ ५८ ५६ +८	२७।१६।१६ +४	०।५।०	४ ३ ५६
	१६	२७	४ ५९ ४ -(१ ४४) +९	२८।१६।२० +४	०।२।५९	५ २ ३
	१७	१	४ १५ १३ +९	०।०।२४ +४	१।४३।५८	५ ५९ ११
	१८	२	५ १५ २२ +९	१।०।२८ +४	१।३९।५९	६ ५५ २१
	१९	३	६ १५ ३१ +९	२।०।३२ +४	१।३५।६	७ ५० ३७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न्यास ८

महिना (१)	कोष्ठ	नक्षत्र	वार	घडी (अ)	पला	केन्द्र	योगफल (इ)	स्पष्टवारादि (अ+इ)
	२०	४	७	१५	४० +९	३।०।३६ +४	१।२९।२२	१ ४५ २
	२१	५	१	१५	४९ +९	४।०।४० +४	१।२२।५६	२ ३८ ४५
	२२	६	२	१५	५८ +९	५।०।४४ +४	१।१५।५८	३ ३१ ५६
	२३	७	३	१६	७ +९	६।०।४८ +४	१।८।३३	४ २४ ४०
	२४	८	४	१६	१६ +१०	७।०।५२ +४	१।०।५२	५ १७ ८
	२५	९	५	१६	२६ +१०	८।०।५६ +४	०।५३।२	६ ९ २८
	२६	१०	६	१६	३६ +१०	९।१।० +४	०।४५।१४	७ १ ५०
	२७	११	७	१६	४६ +१०	१०।१।४ +४	०।३७।३९	७ ५४ २५
	२८	१२	१	१६	५६ +१०	११।१।८ +४	०।३०।२९	१ ४७ २५
	२९	१३	२	१७	६ +१०	१२।१।१२ +४	२।२३।४७	२ ४० ५३
	३०	१४	३	१७	१६ +१०	१३।१।१६ +४	०।१७।४१	३ ३४ ५७
	३१	१५	४	१७	२६ +१०	१४।१।२० +४	०।१२।२४	४ २९ ५०
	३२	१६	५	१७	३६	१५।१।२४	०।७।५८	५ २५ ३४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अब संक्रान्ति साधन गरिन्छ ।

यहाँ इष्टशाके १८८७ को नजिकैको पृष्ठ स्थित कोष्ठ १६ मा शाके १८६४ दिइएको छ । त्यसको वारादि २।२९।१७ दिइएको छ । यसमा शकान्तर १८८७-१८६४=२३ को कोष्ठ १७ बाट वारादि ७।५७।५ लिएर जोड्दा ३।२६।२२ भयो । यसमा देशान्तर वारादि ०।१।९ जोड्दा ३।२७।३१ भयो । यसमा राशि प्रवेश कोष्ठ १८ बाट मेष राशिको क्षेपकवारादि ०।०।३२ जोड्दा । ३।२८।३ भयो । यो मेष संक्रान्तिको वारादि भयो । ३।२७।३१ मा वृष राशिको क्षेपक २।५७।५ जोड्दा ६।२४।३६ भयो । यो वृष संक्रान्तिको वारादि भयो । यसै गरी बाह्रै महिनाका संक्रान्ति हुन्छन् । नक्षत्र प्रवेश कोष्ठ १९ बाट नक्षत्रका क्षेपक जोड्दा नक्षत्र प्रवेशवारादि हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संक्षिप्त फाराम

मास	चैत्रशुक्ल					वैशाखकृष्ण															वैशाखशुक्ल													
(१)	०	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०	३१	३२	कोष्ठ
	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	०	१	२	३	४	५		
	२०	२०	२०	२०	२०	२०	२०	२०	२०	१९	१९	१९	१९	१९	१९	१९	१९	१९	१९	१९	१९	१९	१८	१८	१८	१८	१८	१८	१८	१८	१८	१८		ति
	३५	३१	२७	२३	१९	१५	११	७	३	५९	५५	५१	४६	४१	३६	३१	२६	२१	१६	११	६	१	५६	५१	४६	४१	३६	३१	२६	२१	१६	११		के
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०	१	२	३	४	५	६	७	८	९	१०	११	१२		ति
	१२	३	४	४	५	६	७	१	३	४	५	६	७	१	२	३	४	५	६	७	१	२	३	४	५	६	६	७	१	२	३	४		वा
	५५	५५	५५	५५	५५	५६	५६	५६	५६	५६	५६	५६	५६	५६	५६	५६	५६	५६	५६	५६	५६	५६	५६	५६	५६	५६	२८	२८	२८	२८	२८	२८		घ
	४६	४९	५२	५५	५८	१	४	७	९	११	१३	१५	१७	१९	२१	२२	२३	२४	२५	२६	२६	२६	२६	२६	२६	२६	२५	२४	२३	२२	२१	२०		प
	१४	९	५	२	०	०	०	२	५	९	१४	१९	२४	२८	३२	३५	३६	३७	३६	३४	३०	२६	२१	१६	१०	४	२६	२०	१४	९	५	२		फ
	३८	४९	४९	४४	४६	०	२९	१७	१६	१५	०	९	१५	५२	४०	२६	५७	१४	१३	१	४६	३५	३९	८	१५	९	४	१४	४९	५९	५७	४९		
	१०	५	(१	५८)	५६	५६	५६	५८	(१^{२}	५	१०	१५	२०	२५	२९	३१	३३	३३	३२	२०	२७	२३	१८	१२	६	(०	५४)	४८	४३	३८	३४	३१		
	२४	३८	४१	३९)	४४	१	३३	२४	२५)	२६	१३	२४	३२	११	१	४८	२०	३८	३८	२७	१२	१	५	३४	४१	३५	२९)	३८	१२	२१	१८	९		घ
	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	०	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१			प
	९	९	९	९	९	९	९	९	९	५५	५५	५५	५५	५५	५५	५५	५५	५५	५५	५५	५५	५५	५५	५५	५५	५५	५५	५५	५५	५५	५५			
	२८	२८	२८	२८	२८	२८	२८	२८	२८	३९	३९	३९	३९	३९	३९	३९	३९	३९	३९	३९	३९	३९	३९	३९	३९	३९	३९	३९	३९	३९	३९			न
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४			के
	३	४	५	६	७	१	२	३	४	५	६	७	१	३	४	५	६	७	१	२	३	४	४	५	६	७	१	२	३	४	५			न
	१५	१५	१५	१५	१५	१५	१६	१६	१६	३५	३५	३५	३५	३५	३५	३५	३५	३५	३५	३५	३५	३५	३५	३५	३५	३५	३६	३६	३६	३६	३६			वा
	३७	४१	४५	४९	५३	५७	०	३	६	९	१२	१५	१८	२१	२४	२७	३०	३३	३६	३९	४२	४५	४८	५१	५४	५७	०	३	६	९	१२			घ
	१	१	०	०	१	४	७	१२	१८	५	१२	१८	२४	२९	३२	३५	३६	३६	३४	३२	२९	२६	२२	१८	१४	१०	६	३	१	०	०			प
	२	३	३	११	३०	५	५१	४६	३४	५४	२६	४३	२०	४	४२	२	११	५	५५	४८	५३	२१	२५	१५	४	८	३४	३७	२५	११	३			फ
	१८	१६	१५	१६	१७	२०	२३	२८	३४	४१	४७	५३	५९	(४^{२}	८	१०	११	११	१०	८	५	२	५८	५४	४९	४६	४२	३९	३७	३६	३६			
	३९	४४	४८	०	२३	२	५१	४९	४०	३	३८	५८	३८	२५)	६	२९	४१	३८	३१	२७	३५	६	१३	६	५८	५	३४	४०	३१	२०	१५			घ
	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८	०	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	प
	१५	१५	१५	१५	१५	१५	१५	१५	१५	१५	१५	१६	१६	१६	१६	१६	१६	०	०	०	०	०	०	०	०	०	१	१	१	१	१	१	१	यो
	१८	२१	२४	२८	३२	३६	४०	४४	४८	५२	५६	०	४	८	१२	१६	२०	२४	२८	३२	३६	४०	४४	४८	५२	५६	०	४	८	१२	१६	२०	२४	के
	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	
	३	४	५	६	७	७	१	२	३	४	६	७	१	२	३	४	५	५	६	७	१	२	३	४	५	६	७	७	१	२	३	४	५	यो
	५७	५७	५७	५७	५७	५७	५७	५७	५८	५८	५८	५८	५८	५८	५८	५८	५९	१५	१५	१५	१५	१५	१५	१६	१६	१६	१६	१६	१६	१७	१७	१७	१७	वा
	३	१०	१७	२४	३१	३८	४५	५२	०	८	१६	२४	३२	४०	४८	५६	४	१३	२२	३१	४०	४९	५८	७	१६	२६	३६	४६	५६	६	१६	२६	३६	घ
	२२	१६	११	७	३	१	०	०	०	१	२	४	५	६	६	५	२	४३	३९	३५	२९	२२	१५	८	०	५३	४५	३७	३०	२३	१७	१२	७	प
	१७	२२	१७	४	५०	३४	२०	०	२९	३१	५५	२४	३२	१०	१	०	५९	५८	५९	६	२२	५६	५८	३३	५२	२	१४	३९	२९	४७	४१	२४	५८	फ
